# गेरुवा गाउँपालिका
# २०७४

## चौथो कार्यपालिका बोर्ड बैठक
**२७ श्रावण, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँ कार्यपालिका कार्यालय |
| स्थान | : | पशुपतिनगर,बर्दिया |

प्रदेश : ५ नं. प्रदेश, नेपाल

आज मिति २०७४ साल श्रावण २७ गतेका दिन गेरुवा गाउँपालिकाको चौथो बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | |
| श्री बम बहादुर वि क. | - | सदस्य | |
| श्री भीम बहादुर खत्री | - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**आमन्त्रित**

श्री ठाकुरप्रसाद चौधरी
श्री राजकुमार पौडेल
श्री दिपेन्द्र कुमार वि.सी.
श्री भूमिराज घिमिरे
श्री भागीराम चौधरी

**प्रस्तावहरु**

**१ गाउँ सभा सञ्चालन मिति संशोधन गर्ने सम्बन्धमा**
**२ सूचिकृत तथा सुझावका लागि सूचना प्रकाशित गर्ने म्बन्धमा**
**३ बिबिध**

**निर्णय नं.१**
प्रस्ताव नं. १ माथी छलफल गर्दा बिषयगत समितिहरुबाट प्रतिवेदन तयार पार्नका लागि थप छलफल गर्नु पर्ने कार्य बाँकी रहेको, बिषयगत कार्यालयहरुबाट कर्मचारी र कार्यक्रमहरु प्राप्त नभई सकेको साथै दिर्घकालीन ऐन/नियम निर्माण गर्ने र नीति तथा कार्यक्रम निर्माण गर्ने जस्तो सम्वेदनशिल कार्यमा थप अध्ययन मनन् र सुझाव सल्लाह लिई तय गर्नु पर्ने भएकोले यस बर्दिया जिल्लाका अन्य स्थानीय तहहरुमा समेत गाउँसभा तय नभएको अवस्थामा केहि समय पछि गाउँ सभा सञ्चालन गर्ने गरी मिति संशोधन गर्न उपयुक्त हुने हुँदा श्रीकृष्ण अष्टमी, तिज जस्ता चाडपर्वहरुलाई समेत बिचार गर्दा मिति २०७४/४/३० गते देखी सञ्चालन हुने भनिएको गेरुवा गाउँपालिकाको गाउँसभा आगामी मिति २०७४/५/१५ गते देखी शुरु गर्ने गरी मिति संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२**
प्रस्ताव नं. २ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाले तय गर्ने नीति तथा कार्यक्रममा समग्र क्षेत्र र तहलाई समेटी **गेरुवा गाउँपालिकाको तिब्र गतिमा विकाश गर्ने** कार्यमा सामुहिक रुपमा सहभागि हुन अनुरोध गर्ने उदेश्यले यस गाउँपालिका क्षेत्रमा दर्ता भएका, कार्यरत रहेका, कार्य गर्न ईच्छुक सरकारी, गैर सरकारी र निजी संघ, संथाहरुलाई सूचिकृत हुन, गेरुवा गाउँपालिकाको सार्वजनिक निर्माण कार्य, बजार व्यवस्थापन तथा सञ्चालन कार्य र परामर्श केन्द्र तथा नाफामुलक सेवा केन्द्र लगायतका सामुहिक एवं निजी संघ, संस्थाहरुलाइ २०७४/५/७ गते भित्र यस गेरुवा गाउँपालिका कार्यालयमा कार्यालय समय भित्र सूचिकृत भई दिन सार्वजनिक आहवान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**
यस गाउँ कार्यपालिकाबाट गठित समितिहरुले टोलटोलबाट संकलन गरेका स्थलगत आयोजनाहरुलाई नियमित, आवधिक र दिर्घकालीन आयोजनाका रुपमा प्राथमिकिकरण गरी बिषयगत समितिहरुका प्रतिवेदन मार्फत पेश गर्ने गरी थप अध्ययन छलफल र तयारी गरी पेश गर्नका लागि एक हप्ता समय थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**
अर्को गाउँ कार्यपालिकाको बैठक २०७४/५/७ गते नियमित बैठक बस्ने निर्णय गरियो ।